# नेपालमा बालबालिकाको वर्तमान अवस्थाः पन्ध्रौं योजनाको उपलब्धी र १६ औं योजनाका प्राथमिकता

२०८०।३।२५


डा. किरण रूपाखेती
सहसचिव
राष्ट्रिय योजना आयोग

# प्रस्तुतिकरणको विषय वस्तु

- ✓ बालबालिकाको मुद्दामा जोड दिन किन आवश्यक छ?
- ✓ बालिका सम्बन्धमा संवाद/बहस गर्न किन आवश्यक छ?
- ✓ पछिल्लो जनगणनाबाट प्राप्त तथ्यांक
- ✓ बालबालिकाको बिषय र १५ औं योजना
- ✓ हालसम्मका उपलब्धी
- ✓ १६औं योजनाको प्राथमिकताका क्षेत्रहरु
- ✓ सम्बोधन गरिनुपर्ने मुद्दाहरु

# सकारात्मकताले जीवनलाई उर्जाशील बनाउँछ




# दृष्टिकोणमा बिबिधता हुन सक्छ तर बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज को स्थापना हामी सवैको लक्ष



# सकारात्मकता ले जीवनमा उर्जा थप्छ



# बालबालिकाको मुद्दामा जोड दिन किन आवश्यक छ?

- ✓ कुल जनसंख्याको लगभग आधा जनसंख्या बालबालिकाको रहेको छ ।
- ✓ समाजिक परिप्रेक्ष्यमा **बालबालिका संवेदनशील एवं जोखिम वर्गमा** पर्दछन् ।
- ✓ बालबालिका सम्बन्धी मुद्दाको सरोकार समाजमा सबैसँग रहेको छ ।
- ✓ **सरकार तथा मातहतका निकायमा बालबालिकाको पहुँच** पुगेको हुदैन ।
- ✓ बालबालिका सम्बन्धी मुद्दा अन्य "ठूला मुद्दाहरू" को अगाडि सधैं ओझेलमा परेको छ ।
- ✓ **सबै बालबालिकाहरू फरक हुन्छन्** ; यद्यपी जुम्ल्याहा बालबालिकाहरूमा समेत फरक प्रवृत्ति रहेको हुन्छ ।
- ✓ बालबालिकाहरू विभिन्न शारीरिक, बौद्धिक/मानसिक, सामाजिक तथा भावनात्मक परिवेशमा हुर्किएका हुन्छन् ।
- ✓ बालबालिकाहरूले खेल, माया,स्नेह, वस्तुहरू, मानिसहरू र वातावरण प्रति गर्ने व्यवहार फरक हुन सक्छ ।
- ✓ बालबालिकाहरूलाई मार्गदर्शन प्रदान गर्नमा **बाल विकास सम्बन्धी ज्ञान र स्वस्थ मस्तिष्क विकासको बुझाइ** महत्वपूर्ण हुन्छ ।

# बालिका सम्बन्धमा संवाद/बहस गर्न किन आवश्यक छ?

- ✓ हाल **बालिकाको संख्या उल्लेख्य रहेको** छ र उनीहरू **परिवार, समाज र राष्ट्रको वर्तमान तथा भविष्य** हुन् ।
- ✓ **बालिकाहरू देशका सम्मानित नागरिक हुन्** र संविधानले प्रत्याभूत गरेको अधिकारमा उनीहरूको हकाधिकार हुन्छ ।
- ✓ विभिन्न कारणहरूले गर्दा **समाजमा लैङ्गिक असमानता** व्यापक रूपमा रहेको छ, र सो कारण विशेष गरी **बालिकाहरू विभिन्न प्रकारका हिंसाको शिकार** हुने गर्दछन ।
- ✓ **बालिकाहरू भविष्यका आमा हुन् ।**
- ✓ समग्रमा **महिलाको जीवन उत्थान गर्न** उनीहरूको **प्रजनन भूमिकाबाट लैङ्गिक भूमिकामा रूपान्तरण** हुन अत्यावश्यक छ ।
- ✓ बालिकाको सवालमा उनीहरूको आवश्यकता विशिष्ट प्रकारको हुन्छ ।
- ✓ **बालिका विरूद्ध हुने भेदभाव र हिंसालाई सम्बोधन** गर्न विशेष आवश्यकता छ ।

# राष्ट्रिय जनगणना-२०७८को नतिजा

## नेपालको जनसंख्या

| कुल जनसंख्या | महिला | पुरुष |
|---|---|---|
| 29164578 | 14911027(५१ प्रतिशत) | 14253551(४९ प्रतिशत) |

## भौगोलिक क्षेत्र र प्रदेश अनुसार नेपालको जनसंख्या

| कुल जनसंख्या | भौगोलिक क्षेत्र | | |
|---|---|---|---|
| | हिमाल | पहाड | तराई |
| 29164578 | 1772948 | 11757624 | **15634006** |

| कुल जनसंख्या | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| 29164578 | 4961412 | 6114600 | 6116866 | 2466427 | 5122078 | 1688412 | 2694783 |

स्रोतः राष्ट्रिय जनगणना २०७८ को नतिजा

# राष्ट्रिय जनगणना-२०७८को नतिजा (क्रमशः)

## भौगोलिक क्षेत्र अनुसार नेपालमा 0-5 वर्षसम्मका बालबालिकाको जनसंख्या

| 0-5 वर्षसम्मका बालबालिकाको जनसंख्या | भौगोलिक क्षेत्र | | |
|---|---|---|---|
| | **हिमाल** | **पहाड** | **तराई** |
| कुलः 3007648 (१०.३१ प्रतिशत) | 189935 | 1074600 | 1743113 |
| बालकः 1589674 | 98725 | 566327 | 924622 |
| बालिकाः 1417974 | 91210 | 508273 | 818491 |

## प्रदेश अनुसार 0-5 वर्षसम्मका बालिकाको जनसंख्या

| **0-5 वर्षसम्मका बालिकाको जनसंख्या** | **प्रदेश** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **कोशी** | **मधेश** | **बागमती** | **गण्डकी** | **लुम्बिनी** | **कर्णाली** | **सुदूरपश्चिम** |
| कुलः 1417974(५ प्रतिशत) | 227658 | 372279 | 229367 | 97164 | 257233 | 97473 | 136800 |

स्रोतः राष्ट्रिय जनगणना २०७८ को नतिजा

# राष्ट्रिय जनगणना-२०७८को नतिजा (क्रमशः)

## भौगोलिक क्षेत्र र प्रदेश अनुसार नेपालमा ० देखी १8 वर्षका बालबालिकाहरूको जनसंख्या

| ० -१8 वर्षका बालबालिकाहरूको जनसंख्या | भौगोलिक क्षेत्र | | |
|---|---|---|---|
| | हिमाल | पहाड | तराई |
| बालकः 5475089 | 348301 | 2042565 | **3084223** |
| बालिकाः 5102880 | 341537 | 1911339 | **2850004** |

कूल जनसंख्यामा 0-१८ वर्षसम्मका बालबालिकाको जनसंख्याको प्रतिशत:करीब ३६ प्रतिशत

| ० -१8 वर्षका बालबालिकाहरू को जनसंख्या | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| बालक | 861074 | **1345179** | 956417 | 407664 | 981623 | 367776 | 555356 |
| बालिका | 822492 | **1225768** | 866719 | 372537 | 927875 | 355405 | 532084 |

स्रोतः राष्ट्रिय जनगणना २०७८ को नतिजा

# राष्ट्रिय जनगणना-२०७८को नतिजा (क्रमशः)

## भौगोलिक क्षेत्र र प्रदेश अनुसार नेपालमा १० देखी १९ वर्षका किशोरीहरूको जनसंख्या

| १० -१९ वर्षका किशोरीहरूको जनसंख्या | भौगोलिक क्षेत्र | | |
|---|---|---|---|
| | हिमाल | पहाड | तराई |
| 2885792(९.८९ प्रतिशत) | 195817 | 1127858 | 1562117 |

| १० -१९ वर्षका किशोरीहरूको जनसंख्या | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| 2885792 | 462678 | **632834** | 520046 | 221659 | 529033 | 203893 | 315649 |

स्रोतः राष्ट्रिय जनगणना २०७८ को नतिजा

# राष्ट्रिय जनगणना-२०७८को नतिजा
(क्रमशः)

## भौगोलिक क्षेत्र र प्रदेश अनुसार नेपालमा १० देखी १९ वर्षका किशोरहरूको जनसंख्या

| १० -१९ वर्षका किशोरहरूको जनसंख्या | भौगोलिक क्षेत्र | | |
|---|---|---|---|
| | हिमाल | पहाड | तराई |
| 2990477(१० प्रतिशत) | 191580 | 1162375 | 1636522 |

| १० -१९ वर्षका किशोरहरूको जनसंख्या | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| 2990477 | 474260 | **679537** | 561463 | 232401 | 534945 | 201223 | 306648 |

स्रोतः राष्ट्रिय जनगणना २०७८ को नतिजा

# १५औं योजनाको सोच, लक्ष्य र उद्देश्य

**सोच**

- बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज ।

**लक्ष्य**

- बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रूपमा विकास गर्ने ।

**उद्देश्य**

- बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।
- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु ।
- बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

# १५औं योजनाको रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने । | १) बालबालिका तथा किशोरकिशोरीको पोषण अवस्थामा सुधार गर्न पोषण सम्बन्धी कार्यक्रमको विस्तार गरिनेछ ।<br>२) बालबालिकाहरूमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बढाई बाल मृत्युदर घटाइनेछ ।<br>३) किशोरकिशोरीहरूलाई स्वास्थ्य तथा प्रजनन स्वास्थ्य शिक्षा तथा सेवा उपलब्ध गराइनेछ ।<br>४) विद्यालय तहको पाठ्यक्रममा बालअधिकार, बालबालिका सम्बन्धी कानून र यौन तथा प्रजनन स्वास्थ्य विषयलाई समावेश गरिनेछ ।<br>५) विद्यालयमा अध्यापन गर्ने शिक्षक शिक्षिकाहरूलाई बालअधिकार, यौन तथा प्रजनन स्वास्थ्यका विषयमा आधारभूत तहको प्रशिक्षण दिइनेछ । |
| बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच वृद्धि गर्ने । | १) प्रारम्भिक बालविकास कार्यक्रमलाई विस्तार गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ ।<br>२) प्रत्येक विद्यालयमा बालबालिकाको शारीरिक र मानसिक विकासको लागि उमेर र कक्षा अनुसार खेलकुद, मनोरञ्जन तथा अतिरिक्त क्रियाकलापहरू वार्षिक क्यालेण्डर बनाई सञ्चालन गरिनेछ । |
| बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने । | १) बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, बेचबिखन जस्ता अपराध विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।<br>२) बालबालिका तथा किशोरकिशोरी विरुद्धको अपराध नियन्त्रण गर्न कानूनी सुधार गरिनेछ ।<br>३) बालबालिका माथि हुने शारीरिक तथा मानसिक सजाय विरुद्ध अभियान सञ्चालन गरी विद्यालयलाई बालमैत्री तथा शान्ति क्षेत्र घोषणा गरिनेछ ।<br>४) बालबालिकाको आपत्कालीन उद्धार र संरक्षणका लागि बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाईन नं. १०९८ को सेवा स्थानीय तहसम्म विस्तार गरी सो सेवाबारे विद्यालयदेखि सर्वसाधारणसम्म पुग्ने गरी प्रचार प्रसार गरिनेछ ।<br>५) बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाईन नं. १०९८ को प्रभावकारिताका लागि सेवा सञ्चालन सम्बन्धी कानून तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>६) प्रदेश तथा स्थानीय तहमा आपत्कालीन बाल उद्धारकोष स्थापना र व्यवस्थापन गरिनेछ । |

# १५औं योजनाको रणनीति र कार्यनीति

| | |
|---|---|
| **असहाय, अनाथ, अपाङ्गता भएका, असक्त तथा बेवारिसे बालबालिका तथा किशोरकिशोरीलाई राज्यबाट संरक्षण र संवर्द्धन गर्ने ।** | १) अनाथ एवम् विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि जन्मदर्ता र नागरिकता पाउने प्रक्रिया सरलीकरण गरिनेछ ।<br>२) अनाथ, असहाय, बेवारिसे, अशक्त, अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोरकिशोरीको संरक्षण र प्रवर्द्धन गर्न अस्थायी संरक्षण सेवाको व्यवस्थापन गरिनेछ ।<br>३) सडक बालबालिकाको उद्धार र पुनर्स्थापना, रोकथाम तथा नियन्त्रणमा प्रदेश तथा स्थानीय तह समेतबाट अभियान सञ्चालन गरिनेछ ।<br>४) बालगृह, बालसुधार गृह, निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको खानपान, स्वास्थ्य तथा सुरक्षाको विषयमा उपयुक्त मापदण्ड निर्माण गरी सोको आधारमा सञ्चालन गर्न निरन्तर अनुगमन गरी सुधार गरिनेछ ।<br>५) अपाङ्गता भएका विशेषतः बौद्धिक अपाङ्गता भएका बालबालिकाको उपचार सेवालाई प्राथमिकता दिंदै त्यस्तो सेवालाई सहज र प्रभावकारी बनाइनेछ । |
| **विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सिर्जना गर्ने ।** | १) बाल क्लब, बाल समूह, किशोरकिशोरी समूह जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिका तथा किशोरकिशोरीको सहभागिता बढाइनेछ ।<br>२) बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितालाई प्रवर्द्धन गरिनेछ ।<br>३) नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ । |

# १५औं योजनाको रणनीति र कार्यनीति

| | |
|---|---|
| राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने । | **१) सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ ।**<br>**२) जुनसुकै क्षेत्रमा कार्यरत श्रमिकको अनुगमन गरी बाल श्रमिकको उद्धार तथा पुनर्स्थापना गरिनेछ ।**<br>**३) प्रदेश तथा स्थानीय तह समेतबाट सबै प्रकारका बालश्रमको अन्त्यका लागि कानूनी, नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।** |
| बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने । | १) बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा बालअधिकार सूचकहरू पूरा गर्न आवश्यक स्रोत-साधनको व्यवस्थापन, बालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।<br>२) सार्वजनिक स्थल तथा विद्यालयका भौतिक संरचना (भवन, शौचालय, सडक, फर्निचर, कुर्सी, टेबुल) र अन्य संरचनालाई समेत बालमैत्री बनाइनेछ ।<br>३) बाल अधिकार, बालमैत्री शासन र बाल संवेदनशीलता अभिवृद्धि सम्बन्धी विषय शिक्षक तथा सबै सरकारी निकायको तालिम पाठ्यक्रममा समावेश गरी अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ । |
| विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पको रूपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने । | **१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गरिनेछ ।**<br>**२) सन्तान नभएका दम्पति, एकल महिला तथा पुरुषले धर्मपुत्र धर्मपुत्री लिन चाहेमा स्थानीय बालअधिकार समिति मार्फत दीर्घकालीन संरक्षणका लागि नियमानुसार धर्मपुत्र धर्मपुत्री सिफारिस तथा लिने दिने व्यवस्था र प्रक्रियालाई प्राथमिकतामा राखी अदालतबाट हुने लिखत प्रमाणीकरण प्रक्रिया समेतलाई सहज तथा प्रभावकारी बनाइनेछ ।** |

# १५औं योजनाको अपेक्षित उपलब्धि

- सरकारका तीन तहमा बालअधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम र मापदण्ड कार्यान्वयन भएको हुने
- विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अधिकार संरक्षण भएको हुने,
- बालबालिकाको शिक्षा, पोषण र स्वास्थ्य सम्बन्धी सेवा-सुविधामा पहुँच पुगेको हुने, बालबालिकाविरुद्ध हुने सबै प्रकारका शारीरिक र मानसिक शोषण, हिंसा र दुर्व्यवहार उल्लेख्य रूपमा न्यूनीकरण भएको हुने,
- सरकारी निकाय, संस्था, बाबुआमा तथा संरक्षकको बालबालिकाप्रतिको दायित्व अभिवृद्धी भएको हुने
- बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाईन १०९८ प्रभावकारी रूपमा सञ्चालन भएको हुने।

**१५औं योजनाको मध्याबधि मूल्यांकन भएको । तर बिस्तृत रुपमा माथि उल्लेखित पक्षहरु नसमेटिएको स्थितिमा अन्तिम मूल्यांकन पश्चात मात्र स्थिति अवगत हुने ।**

# पन्ध्रौं योजनाको नतिजा सूचकमा  प्रगति

| नतिजा सूचक | एकाई | आधार वर्ष | लक्ष्य | | २०७९/८० को अनुमानित उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०८०/८१ | २०७९/८० | |
| राष्ट्रिय गरिबीको रेखामुनि रहेका ५ बर्षमुनि बालबालिका | प्रतिशत | ३५.३५ | १५.३ | १९.३ | - |
| ५ बर्षभन्दा मुनिका बालबालिकामा भएको पुडकोपन | प्रतिशत | ३६ | २० | २४ | २५ |
| ५ बर्ष मुनिका  कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ | १८ | १९ |

# पन्ध्रौं योजनाको नतिजा सूचकमा  प्रगति


| सूचक | एकाइ | आधार वर्ष(२०७५/७६) | पन्ध्रौ योजनाको लक्ष्य (२०८०-८१) | आ.व. २०७९/८०को अनुमानित उपलब्धि |
|---|---|---|---|---|
| | | | | |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६५.९ | ९६ | ७६.२ |
| साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८.० | ९५ | ६०.५ |
| युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९२ | ९९ | ८९ |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कूल भर्ना दर | प्रतिशत | ८५ | १०० | ९४.६ |
| आधारभूत तह (१-८) मा खुद भर्ना दर | प्रतिशत | ९३ | ९९ | ९६.१ |
| माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४६ | ६५ | ६० |

# कुपोषण न्यूनिकरणमा भएको प्रगति

| सूचकहरु | २००१ | २००६ | २०११ | २०१६ | २०२२ | २०३० |
|---|---|---|---|---|---|---|
| पाँच वर्षमुनिका बालबालिकाहरूमा हुने पुड्कोपनको दर (प्रतिशत) | ५७ | ४९ | ४१ | ३६ | २५ | १५ |
| पाँच वर्षमुनिका बालबालिकाहरूमा हुने ख्याउटेपनको दर (प्रतिशत) | ११ | १३ | ११ | १० | ८ | ४ |
| पाँच वर्षमुनिका बालबालिकाहरूमा हुने कम तौलको दर (प्रतिशत) | ४३ | ३९ | २९ | २७ | १९ | १० |
| बाल्यावस्थामा मोटोपनको (प्रतिशत) | १ | १ | १ | १ | १ | १ |
| शिशुलाई ६ महिना सम्म पूर्ण स्तनपानको दर (प्रतिशत) | ६८ | ५३ | ७० | ६६ | ५६ | - |

स्रोतः नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २००१, २००६, २०११, २०१६ र २०२२

# कुपोषण न्यूनिकरणमा भएको प्रगति




स्रोतः नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण (ने.ज.स्वा.स)

# प्रदेशस्तरमा पाँच वर्षमुनिका बालबालिकाहरूको कुपोषण न्यूनिकरणमा भएको प्रगति

| सूचकहरू | नेपाल (%) | कोशी प्रदेश (%) | मधेश प्रदेश (%) | बागमती प्रदेश (%) | गण्डकी प्रदेश (%) | लुम्बिनी प्रदेश (%) | कर्णाली प्रदेश (%) | सुदुरपश्चिम प्रदेश (%) |
|---|---|---|---|---|---|---|---|---|
| पुड्कोपन | २५ | २० | २९ | १८ | २० | २५ | ३६ | २८ |
| ख्याउटेपन | ८ | ४ | १० | ५ | ४ | १६ | ४ | ५ |
| कम तौल | १९ | १३ | २७ | ११ | १८ | २३ | १८ | १४ |
| रक्तअल्पता | ४३ | ३४ | ५१ | ४३ | ३१ | ४९ | ४० | ४५ |

स्रोतः नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०२२

# नेपालमा बाल मृत्युदरको अवस्थामा भएको प्रगति

| सूचकहरू | २००१ | २००६ | २०११ | २०१६ | २०२२ |
|---|---|---|---|---|---|
| पाँच वर्ष मुनिको बाल मृत्यु (प्रति १००० जीवित जन्ममा मृत्यु) | ९१ | ६१ | ५४ | ३९ | ३३ |
| शिशु मृत्यु (जन्मेको १ वर्ष भित्र) (प्रति १००० जीवित जन्ममा मृत्यु) | ६४ | ४८ | ४६ | ३२ | २८ |
| नवजात शिशु मृत्यु (जन्मेको २८ दिन भित्र) (प्रति १००० जीवित जन्ममा मृत्यु) | ३९ | ३३ | ३३ | २१ | २१ |

स्रोत: नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २००१, २००६, २०११, २०१६ र २०२२

# पन्ध्रौं योजनाको नतिजा सूचकमा प्रगति

| नतिजा सूचक | एकाई | आधार वर्ष | लक्ष्य | | २०७९/८० को अनुमानित उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०८०/८१ | २०७९/८० | |
| राष्ट्रिय गरिबीको रेखामुनि रहेका महिला | प्रतिशत | २५.३४ | ११.० | १३.९ | - |
| लैंगिक विकास सूचकांक | सूचकांक | ०.८९७ | ०.९६३ | ०.९५७ | ०.९४२ |
| लैंगिक सशक्तीकरण सूचकांक | सूचकांक | ०.५७ | ०.६४ | ०.६३ | ०.६२ |
| लैंगिक असमानता सूचकांक | सूच | ०.४७ | ०.३९ | ०.४१ | ०.४५२ |

# पन्ध्रौं योजनाको नतिजा सूचकमा  प्रगति (क्रमशः...)

| नतिजा सूचक | एकाई | आधार वर्ष | लक्ष्य | | २०७९/८० को अनुमानित उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०८०/८१ | २०७९/८० | |
| जीवनकालमा शारीरिक, मानसिक वा यौनहिंसा पीडित महिला | प्रतिशत | २४.४ | १३ | १६ | २४.३ |
| विगत १२ माहिनामा शारीरिक, मानसिक वा यौनहिंसा पीडित महिला | प्रतिशत | १३.५ | ६ | ७ | १३.५ |

# पन्ध्रौं योजनाको नतिजा सूचकमा प्रगति (क्रमशः...)

| नतिजा सूचक | एकाई | आधार वर्ष | लक्ष्य | | २०७९/८० को अनुमानित उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०७५/७६ | २०८०/८१ | २०७९/८० | |
| प्रजनन स्वास्थ्य सम्बन्धी हकबारे निर्णय गर्ने महिला (१५देखि ४९ बर्ष उमेर समूह) को अनुपात | प्रतिशत | ५९.५ | ८० | ७७ | ७० |
| महिलाहरूको स्वामित्व भएका प्रतिष्ठान (कूल प्रतिष्ठानको अनुपात) | प्रतिशत | २६ | ४० | ३८ | २७३४३६ (२९.६१ |

# बालबालिकाको क्षेत्रमा भएको समष्टिगत प्रगति

- संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि,१९८९लाई नेपालले २०४७ साल भाद्र २९ गते अनुमोदन गरेको ३२ बर्ष पूरा भएको छ । महासन्धिका प्रावधानहरुको कार्यान्वयनको लागि नेपालले संबैधानिक, कानूनी, नीतिगत, संरचनात्मक र कार्यक्रमगत व्यबस्था गरेको छ । यसबाट बालबालिकासंग सम्बन्धित गुणात्मक र परिमाणात्मक सूचकहरुमा सुधार हुँदै आएको छ ।
- संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धी,१९८९ का ४२ वटा धाराहरु सबै कार्यान्वयनमा छन् ।
- बालबालिका सम्बन्धी ऐन,२०७५ मा भएका व्यबस्थाहरु मध्ये संयन्त्रगत कार्यान्वयनको क्रममा स्थानीय बाल अधिकार समितिको गठन भएको स्थानीय तहको संख्या २१९, बाल अधिकार संरक्षण र प्रबर्धन सम्बन्धी कार्यबिधि निर्माण भएको स्थानीय तहको संख्या ३०८ र बालकोष स्थापना भएका स्थानीय तहको संख्या १९५ पुगेको छ ।
- हिंसा दुर्व्यबहार र जोखिममा परेका बालबालिकालाई तत्काल आवश्यक सेवा प्रदान गर्न कार्यहरुमा राष्ट्रिय बाल अधिकार परिषद, प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति,बालबालिका खोजतलास सेवा(निशुल्क टेलिफोन नं १०४), बाल हेल्पलाईने सेवा ( निशुल्क टेलिफोन १०९८),नेपाल प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, एकव्दार संकट ब्यबस्थापन केन्द्र, बाल कल्याण अधिकारी जस्ता संयन्त्रहरु क्रियाशील भईरहेका छन् ।

**श्रोत: बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिबेदन,२०७९**

# बालबालिकाको क्षेत्रमा भएको समष्टिगत प्रगति(क्रमश..)

- केन्द्रीय तथ्यांक विभागको बहुसूचक क्लष्टर सर्वेक्षण ,२०७६ अनुसार जन्मदर्ता ७७.२ प्रतिशत पुगेको छ ।

- आ व २०७७।७८ सम्ममा १२ वटा स्थानीय तह र २७ वटा स्थानीय तहका कम्तिमा १ वडा गरी३९ वटा वडा बालमैत्री घोषणा भएका थिए भने आ व २०७८।७९ सम्म २२ वटा स्थानीय तह (१६ नगरपालिका र ६ गाउँ पालिका) र ३२ वटा पालिकाका ४८ वटा वडाहरु बालमैत्री घोषणा भएका छन् ।

- सरकारी तथा गैरसरकारी क्षेत्रबाट आयोजना हुने बालबालिकासंग सम्बन्धित कार्यहरु तथा कार्यक्रमहरुमा बालबालिकाको प्रतिनिधिलाई सहभागी गराई उनीहरुको विचारलाई समाहित गर्ने अभ्यास स्थानीय तहसम्मनै रहेको छ ।

- ७३ जिल्लाका ७०५ स्थानीय तहका बिध्यालयहरुमा जम्मा १९,५५६ वटा बालक्लब संचालनमा रहेका छन् ।

**श्रोत:  बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिबेदन,२०७९**

# पन्ध्रौं योजनाको दस्तावेजमा उल्लेख भएको प्रमुख समस्या

- सबै बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्यमा सहज पहुँच नहुनु,
- मनोरञ्जन, बालसहभागिता, बालमैत्री वातावरणको अभावमा विकास र संरक्षण हुन नसक्नु,
- बालश्रमको अवस्था विद्यमान रहनु,
- अझै पनि सडक बालबालिकाको अवस्था विद्यमान रहनु,
- असहाय र अनाथ बालबालिकाको संरक्षण तथा उचित व्यवस्थापन हुन नसक्नु,
- बालविवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसार-पसारको अवस्था विद्यमान रहनु,
- किशोरी शिक्षाको कमी हुनु, कानूनको विवाद र बाल बिज्याईंजस्ता समस्याको प्रभावकारी सम्बोधन गरी उनीहरूको भावी जीवनलाई सहज बनाउँदै परिवार र समाजमा पुनर्मिलन र पुनर्स्थापना गराउन नसक्नु ,
- वैकल्पिक स्याहारको माध्यमबाट अनाथ बालबालिकाको पुनर्स्थापना गर्न नसक्नु यस क्षेत्रका समस्या हुन् ।

# पन्ध्रौं योजनाको दस्तावेजमा उल्लेख भएको चुनौती तथा अवसर

- विज्ञान र प्रविधिको विकास, शहरीकरण, विकसित विश्वव्यापी मूल्य-मान्यता र बदलिँदो परिस्थितिलाई मध्यनजर गर्दै बाल अधिकारको संरक्षण र प्रवर्द्धन प्रभावकारी रूपमा गर्नु, शिक्षा, स्वास्थ्य, मनोरञ्जन, बालसहभागिता र बालमैत्री वातावरणको विकास गर्दै सङ्कट र जोखिममा परेका सबै बालबालिकाको संरक्षण गर्नु,
- बालविवाह, बालश्रम, हत्या, अपहरण, बालहिंसा, यौन दुर्व्यवहार तथा बलात्कार जस्ता घटनाको अन्त्य गर्नु र असहाय, असक्त, बाबु-आमाविहीन, जोखिममा परेका, सडक बालबालिका एवम् कुनै पनि बहानामा बालअधिकारबाट वञ्चित बालबालिकाको उचित संरक्षण र व्यवस्थापन गरी उनीहरूको भविष्य सुनिश्चित गर्नु
- संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्नु,
- संघीय संरचना अनुसार बालबालिका सम्बन्धी कानून, नीति, योजना, कार्यक्रम तथा संस्थागत संयन्त्र स्थानीय तहदेखि संघसम्म स्थापना तथा सञ्चालन हुँदै जानु,
- दिगो विकास लक्ष्यमा बालबालिका तथा किशोरकिशोरी सम्बन्धी विषयहरू समावेश हुनु,
- बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आउनु,
- राज्यबाट बालबालिकाको शिक्षा र स्वास्थ्यमा विशेष जोड दिइनु,
- बालबालिकाको संरक्षण सम्बन्धी विषय तीन तहको सरकारको अधिकार क्षेत्रभित्र पर्नु,
- सरकार, संघ-संस्था र नागरिक समाजबीच समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा अभिवृद्धि हुनु **र** बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको सवालमा सरोकारवालाहरूमा सचेतना र सहकार्य वृद्धि हुँदै जानु

# पन्ध्रौं योजनाको समिक्षाले औंल्याएका विध्यमान समस्या तथा चुनौती

- महिला तथा बालबालिका सम्बन्धी लक्ष्य पुरा नहुनुमा बजेट अपर्याप्त हुनु,
- महिला तथा बालबालिका सम्बन्धी कतिपय सूचकका तथ्याङ्क उपलब्ध नहुनु,
- संघ प्रदेश र स्थानीय तह बीच लैङ्गिक समानता सम्बन्धी नीति योजना कार्यक्रम तथा बजेटहरुमा सामन्जस्यता कायम गर्नु,
- यौनिक तथा लैंगिक अल्पसंख्यकहरुमाथि हुने व्यवहारगत विभेद हटाउनुका साथै उनीहरुको हक र अधिकारको संरक्षण गर्नु,
- महिला माथि हुने लैंगिक तथा घरेलु हिंसा अझै विध्यमान रहनु,

# बालबालिका तथा किशोरकिशोरी विषय क्षेत्रगतरूपमा देखिएका समस्याको सारांश

- आवश्यक कार्यक्रमको लागि बजेट विनियोजन न्यून हुनु,
- बालश्रम अपेक्षितरुपमा घट्न नसक्नु,
- स्थानीय तहका जनप्रतिनिधिहरूमा बाल अधिकार संरक्षण तथा प्रवर्द्धन र बाल संवेदनशीलता सम्बन्धी न्यून जानकारी, प्राथमिकता र चासो नहुँदा यससम्बन्धी कानूनी र नीतिगत व्यवस्था प्रभावकारी कार्यान्वयन नहुनु,
- स्थानीय तह र प्रदेशमा बालबालिका सम्बन्धी संयन्त्र प्रभावकारी नहुनु,
- परम्परागत हानिकारक अभ्यास (बालबिबाह,बालश्रम,बेचबिखन,शारीरिक तथा मानसिक हिंसा) को विद्यमानताले बाल अधिकार संरक्षण गर्न नसकिनु,
- इन्टरनेट र संचार माध्यमबाट बालबालिका माथि हुने हिंसाको अन्त्य गर्न नसकिनु ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गराउनु
- विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधार, समन्यायिकता, गुणस्तरको सुनिश्चितता सहित सिकाइमैत्री वातावरण तयार गरी आकर्षण अधिवृद्धि गर्नु
- शिक्षण सिकाइलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु

# बालबालिका तथा किशोरकिशोरी
# विषय क्षेत्रगतरूपमा देखिएका समस्याको सारांश(क्रमश..)

- सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच  सुनिश्चित गर्न नसकिनु
- विशेष तथा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु
- भर्ना भएका बालबालिकाको निरन्तरता कायम गर्दै अपेक्षित सिकाइ उपलब्धि हासिल हुन नसक्नु
- विषयगत शिक्षक व्यवस्थापन गर्न नसक्नु

# दक्षिण एसियाली मुलुकहरूमा १८ वर्ष भन्दा कम उमेरमा भएको विवाह (बालविवाह) को प्रतिशत

| देश | विवाहको उमेर | |
|---|---|---|
| | १५ वर्ष भन्दा कम | १५ देखि १८ वर्ष |
| बाङ्लादेश | 16% | 51% |
| **नेपाल** | **8%** | **33%** |
| अफगानिस्तान | 4% | 28% |
| भुटान | 6% | 26% |
| भारत | 5% | 23% |
| पाकिस्तान | 4% | 18% |
| श्रीलंङ्का | 1% | 10% |
| माल्दिभ्श | - | 2% |

स्रोतः A profile of Child Marriage in South Asia, UNICEF, 2023


# सोह्रौं योजनाको प्राथमिकता आधारहरु

- १५औं योजनामा प्राप्त भएका उपलब्धिहरुको जगेर्ना
- विगतमा भएका राम्रा अभ्यासलाई निरन्तरता, सुधार, (Revisit, Revive, Reform, Innovation)
- बाल अधिकार सम्बन्धी महासन्धीमा नेपालले गरेका प्रतिबध्दताको प्राप्तिको लागि निरन्तर प्रयाश
- संबिधानको धारा ३९ ले प्रत्याभूत गरेका अधिकारलाई व्यवहारमा उतार्न आबश्यक पर्ने कार्यहरु
- परम्परागत हानिकारक अभ्यास बिरुध्दका प्रयाशहरुको निरन्तरता
- बाल स्वास्थ्य र बाल पोषणमा प्राथमिकता
- बाल बिकास मूलत: प्रारम्भीक बालबिकास र आधारभूत शिक्षामा जोड र लगानी
- महिला शसक्तिकरण र महिला उत्थान

# सोह्रौं योजनाको सम्भावित प्राथमिकताका क्षेत्रहरु


- महिलाको आर्थिक सशक्तीकरण,
- राजनैतिक नेतृत्व तहमा महिलाको प्रतिनिधित्व थप बढाउने (५०% तीनै तहमा पुर्याउने),
- गृहणी महिलाको घरेलु कामको श्रमको मूल्याङ्कनहिंसा विरुद्धको कार्यको स्तरोन्नति (Scaling Up),
- महिला,बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ति माथि हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन
- प्रदेश र स्थानीय तहमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक सम्बन्धी कार्यगर्ने संयन्त्रको सशक्तिकरण एवम् सुदृढीकरण।
- इन्टरनेट  र संचार माध्यमबाट बालबालिका माथि हुने हिंसाको सम्बोधन
- माथि " समस्या र चुनौति" खण्डमा उल्लेख भएका सम्पूर्ण बिषयहरु

# कुपोषणको चक्र (पुस्तौं पुस्ता सम्म चलिरहने )



# पोषणले किन फरक पार्छ ?


## पोषण र जीवन (Survival)





आधा बालबालिकाको मृत्युको अप्रत्यक्ष कारण कुपोषण भएकाले कुपोषण नघटाई बाल मृत्यदर घटाउन सम्भव छैन ।

**Sources:** Lancet series, 2013.


# पोषण र मस्तिष्कको विकास




राम्रो पोषण पाएको बच्चाको मस्तिष्क





कुपोषित बच्चाको मस्तिष्क



**मानव जीवनको पहिलो १००० दिन भित्र ८० प्रतिशत वौद्धिक विकास हुन्छ ।**

Source: Cordero E et al, 1985 (Adapted from Figure 2 & Figure 4), Benıtez-Bribiesca et al. 1999 (Adapted from Figure 4)

# सुनौला १००० दिनहरु





१ २ ३ ४ ५ ६ ७ ८ ९ | १ २ ३ ४ ५ ६ ७ ८ ९ १० ११ १२ १३ १४ १५ १६ १७ १८ १९ २० २१ २२ २३ २४

गर्भावस्था देखि ९ महिना | जन्म देखि ६ महिना | ६ महिना देखि १२ महिना | १२ महिना देखि २४ महिना



१००० दिन

## सुनौला १००० दिनहरु


गर्भावस्था: ९ * ३० = २७० दिनहरु

२ वर्ष सम्म : ३६५ * २ = ७३० दिनहरु

# पृष्ठपोषणको लागि आग्रह

- १६औं योजनामा बालबालिका क्षेत्रको लागि तय गरिनुपर्ने सोच,लक्ष, उद्देश्य, रणनीति के हुनुपर्ला ?
- समग्र बाल अधिकार संरक्षण र प्रबर्धनको लागि भविष्यमा के गर्नुपर्ला ?
- संघीयताको परिप्रेक्षमा तीन तहको सरकारका बीच बाल अधिकारको संरक्षण र प्रबर्धनमा सहकार्य, समन्वय र लगानी कसरी गरिनुपर्ला?
- सरकार, नागरिक समाज र बिकासका साझेदारहरुबीचको सहकार्यको खाका कस्तो हुनुपर्ला?
- स्थानीय तहको बढ्दो भूमिकालाई कसरी व्यबहारमा उतार्नुपर्ला ?
- बालबालिकाका मुद्दा र महिलाको मुद्दाबीचको अन्तरसम्बन्धलाई कसरी व्याख्या गर्ने ?
- परमपरागत हानिकार अभ्यासलाई कसरी सम्बोधन गर्नुपर्ला?
- बालबालिकाको क्षेत्रमा कार्य गर्ने संस्थाहरुको सुदृढीकरण कसरी गर्नुपर्ला?
- हस्तक्षेपकारी क्रियाकलापहरुको सफल कार्यान्वयनका लागि आवश्यक आधारभूत पक्षहरु: मानवश्रोत; बित्तीय श्रोत र संस्थागत संरचनाको सुनिश्चितता कसरी?
- “बालबालिका राष्ट्रिय गौरव” भन्ने सोचलाई कसरी संस्थागत गर्न सकिएला?

# शिक्षाले बाल अधिकार संरक्षण र प्रबर्धनमा मध्दत गर्छ



# बाल अधिकार संरक्षण गर्न नवप्रबर्तन (Innovation) आवश्यक छ



# सोचाई र गराईमा Innovation आवश्यक छ




# हाम्रो सानो प्रयासले बाल मैत्री समाज र राष्ट्र निर्माण गर्न ठूलो योगदान पुग्न सक्छ



# लैंगिक समानताले बाल अधिकार प्रबर्धन गर्न सघाउ पु-याउँछ







# बिभिन्न साझेदारहरुसंगको सहकार्यवाट मात्र लक्ष्य प्राप्ति सम्भव छ





# धन्यवाद

© UNICEF/NEP713/SMulmi

